अपाङ्गता भएका व्यक्तिहरुका लागि समुदायमा आधारित पुनस्थापना कार्यक्रम (CBR)कार्यन्वयन सम्वन्धमा कार्यक्षेत्रगत शर्त(TOR)

१. पृष्ठभुमि

नेपालको संविधानले प्रत्येक व्यक्तिलाई सम्मानपुर्वक बाँच्न पाउने हकको सुनिश्चितता गरेको छ । समतामूलक र न्यायपूर्ण समाज निर्माण गर्ने संविधानको मर्म, अन्तर्राष्ट्रिय सन्धि सम्झौताका प्रावधान एवम् प्रतिवद्धता बमोजिम समानता शान्ति विकास र समृद्धिका लागि नेपालले प्रयास गर्दै आइरहेको छ । नेपाल सरकार महिला बालबालिका तथा समाजकल्याण मन्त्रालयले २०५८ सालदेखि अपाङ्गता भएका व्यक्तिहरुको हकहित संरक्षण लगायत उनीहरुको सशक्तीकरण र विकासका लागि जिल्ला जिल्लामा सीबीआर कार्यक्रम सञ्चालन गर्दै आएको थियो । देश संघियतामा गएसँगै गण्डकी प्रदेश शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालयले CBR कार्यक्रममा वजेट विनियोजन गरि कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ । यस आ.व. ०७८/७९ मा समेत CBR कार्यक्रमका लागि सामाजिक विकास कार्यालय गोरखामा समेत कार्यक्रम तथा वजेट विनियोजन भएको छ ।

अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धी ,अपाङ्गता सम्बन्धी अन्तराष्ट्रिय घोषणा, नेपालको संविधान तथा प्रचलित कानून बमोजिम अपाङ्गता भएका व्यक्तिहरुको संरक्षण प्रर्वद्धन र अधिकारको सुनिश्चता गर्दै उनिहरुको जीवनलाई सहज र सम्मानित तुल्याउन परिवार र समुदायमै सम्मानपूर्ण पुनस्थार्पना गर्ने उद्देश्यले यो कार्यक्रम समावेश गरिएको छ ।

२. कार्यक्रम कार्यक्षेत्र

यस कार्यक्रमको कार्यक्षेत्र गोरखा जिल्ला हुनेछ ।

३. अनुगमन

शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय , सामाजिक विकास कार्यालय र सम्बन्धित स्थानीय तहहरुले तोकिएका कामहरुको अनुगमन मूल्याङ्कन गरि आवश्यक निर्देशन दिन सक्नेछन ।

४. समयसीमा

यस कार्यक्रमको समयअवधि सम्झौता भएको मितिदेखि २०८० साल असार १५सम्म हुनेछ ।

५. प्रतिवेदन

अपाङ्गता भएका व्यक्तिहरुको लागि संचालन गरिने सीपमूलक तालीम कार्यक्रम संचालन व्यवसाय उद्यम स्थापना लगायत विउपूँजी वितरण लगायतका कामको मासिकरुपमा र अन्तिममा यस कार्यालयमा प्रतिवेदन पेश गर्नुपर्नेछ ।

६.अपांगता भएका व्यक्तिहरुको लागि सीपमूलक तालिम र व्यवसाय उद्यम स्थापनाको लागि सहयोग

क. सीपमूलक तालिम संचालन

| | |
|---|---|
| उद्देश्य | जीविकोपार्जनको लागि आवश्यक सीप प्रदान गर्ने |
| कार्यक्रम सन्चालन प्रकृया | तालिम संचालन प्रकृया अनुसूचि बमोजिम |
| सहभागि लक्षित समूह | अपांगता भएका व्यक्तिहरु |
| समन्वय व्यवस्थापन | कार्यालय, स्थानीय तह र संस्था |
| जिम्मेवारी | संस्था |
| तालिमका किसिम | जीविकोपार्जनमा सहयोग पुग्ने सबै प्रकारका तालिमहरु |
| अनुमानित रकम | २५००००। |
| बजेटको बाँटफाँट | तालिम संचालनको लागि मसलन्द, सहभागिहरुको लागि खाजा, प्रशिक्षक भत्ता, बैठक, अनुगमन तथा प्रतिवेदन । |

ख.व्यवसाय उद्यम स्थापनाको लागि सहयोग

| | |
|---|---|
| उद्देश्य | अपांगता भएका व्यक्तिहरुलाई व्यवसाय सन्चालन गर्न पुँजी उपलब्ध गराउनको लागि समूहमा बीउ पूजी कोष स्थापना गर्ने<br>अपाङ्गता भएका व्यक्तिहरुको जीविकोपार्जनमा सुधार ल्याई आर्थिक सशक्तिकरण गर्ने |
| कार्यक्रम सन्चालन प्रकृया | तालिम संचालन प्रकृया अनुसूचि बमोजिम |
| सहभागि लक्षित समूह | अपांगता भएका व्यक्तिहरु |
| समन्वय व्यवस्थापन | कार्यालय, स्थानीय तह र संस्था |
| जिम्मेवारी | संस्था |
| अनुमानित रकम | १०००००। |
| बजेटको बाँटफाँट | बिउ पुजी वितरण , |

ग.कार्यक्रम व्यवस्थापनः

| | |
|---|---|
| उद्देश्य | कार्यक्रमलाई व्यवस्थित रुपमा संचालन गर्ने |
| कार्यक्रम सन्चालन प्रकृया | प्रचलित कानून बमोजिम |
| समन्वय व्यवस्थापन | संस्था |
| जिम्मेवारी | संस्था |
| अनुमानित रकम | ५००००। |
| बजेटको बाँटफाँट | समूह परिचालन,अनुगमन तथा प्रतिवेदन, अभिमुखिकरण , स्वयमसेवक व्यवस्थापन तथ्याङ्क संकलन । |

अनुसूचि-१

१.लक्षित समूहः अपांगता भएका व्यक्तिहरु

मूख्य उद्देश्यः अपांगता भएका भएका व्यक्तिहरुको आर्थिक, सामाजिक अवस्थामा सुधार गरी जीविकोपार्जनको अवसरमा बृद्धि गर्ने

२.अपेक्षित नतिजाहरु

- सीपमूलक तालिमको माध्यमबाट जीविकोपार्जनमा सहयोग पुगी अपांगता भएका व्यक्तिहरु तथा उनीहरुको परिवारका सदस्यहरुको आय आर्जनमा बृद्धि हुने,
- सीपमूलक तालिमको माध्यमबाट जीविकोपार्जनमा सहयोग पुगी अपांगता भएका व्यक्तिहरु रोजगारी संलग्न हुने अवसर प्राप्त हुने,
- उद्यम स्थापनामा सहयोग पुग्ने ।

३.सीपमूलक तालिम सम्बन्धि क्रियाकलाप तथा प्रकृयाः

३.१. अपाङगता भएका व्यक्तिहरुको पहिचान तथा अद्यावधिकः छनौट भएका पालिकाहरुमा अपांगता भएका व्यक्तिहरुको क्षेत्रगत सूचना पालिकासंग समन्वय गरी संकलन तथा अद्यावधिक गर्ने

३.२. अपांगता भएका व्यक्तिहरुको सहभागिता सम्बन्धि व्यवस्थाः परिचय पत्र प्राप्त गरेका व्यक्तिहरुको सहभागिता सुनिश्चित गरिनु पर्छ । सहभागिताको लागि अपांगता भएका व्यक्तिहरुसंगको सूचनामा पहुँच गराउनु पर्नेछ ।सहभागि छनौट गर्ने प्रयोजनका लागि वैयक्तिक तथा पारिवारीक पक्ष ,वातावरणीय पक्ष, व्यवासायिक क्षमता, पारिवारीक व्यावसाय, घरपारिवारको आर्थिक अवस्था, शिक्षा ,लगाव र अनुभवहरुलाई आधार मानिनेछ ।

३.३.क्रियाकलाप संचालनः लक्षित वर्गलाई उपयुक्त हुने तथा रोजगार वा स्वरोजगार बन्ने संभावना भएका तालिम छनौट गरी संचालन गरिनेछ ।

३.४.तालिम पश्चात मूल्यांकनः तालिम पश्चात तालिम प्राप्त व्यक्तिहरुको रोजगार वा स्वरोजगारको तथ्यांक तयार गरिनेछ ।

४.उद्यम स्थापनामा सहयोग कार्यक्रम सन्चालनको प्रकृयाः

४.१. समूह निर्माणः कार्यक्षेत्रमा कम्तिमा ९ सदस्यीय हुने गरी सकभर पालिका सबै वडा समेट्ने गरी गठन गरिनेछ । समूहमा अध्यक्ष, सचिव र कोषाध्यक्ष हुनेछन ।समूह निर्माण गर्दा सकेसम्म फरक फरक प्रकृतो उद्यम संचालन गर्जे उद्यमीलाई सहभागि गराउनु पर्नेछ ।

४.२. दर्ता प्रकृयाः स्थानीय तहको प्रचलित कानून बमोजिम समूह दर्ता गरिनेछ ।समूहले आफ्नो कार्यविधि आफै बनाउन सक्नेछ ।

४.३.उद्यमशिलता विकास तालिमःसमूहका सदस्यहरुलाई अभिमुखिकरण संस्थाले संचालन गर्नेछ ।

४.४.खाता संचालनःसमूहले प्रचलित नियमानुसार खाता खोल्न सक्नेछ ।

४.५.विउँ पुजीको परिचालनः कम्तिमा समूहका सदस्यहरुले १०००००।विउँ पुजीको रुपमा समूहको खातामा जम्मा गरिनेछ । यस्तो खातामा पालिकाद्वारा वा अन्य व्यक्ति वा संस्थाद्वारा प्रदान गरिएको रकम समेत रहनेछ । संस्थाले समूहलाई जोड कोषको सर्तमा समेत बिउ पुँजी उपलब्ध गराउन सक्नेछ । समुहको कोषमा समूहले निर्णय गरेबमोजिमको मासिक रुपमा सदस्यहरुले रकम संकलन गर्नु पर्नेछ ।

४.६.बीउ पुजी लगानिका क्षेत्रहरु

- कृषि जन्य व्यवसायहरु
- पशुपालन
- घरेलु तथा साना व्यवासाय
- स्थानीय स्रोतमा आधारित अन्य सम्भाव्य आयमूलक क्रियाकलापहरु

४.७.लगानी गर्ने प्राथमिकता क्षेत्रः

- ऋण लगानी गर्दा सम्पूर्ण सदस्यहरुको सहमतिमा आयमूलक दृष्टिकोण मानवीय दृष्टिकोण र सामाजिक दृष्टिकोणले क्रमिक रुपमा प्राथमिकता दिई ऋण लगानी गर्नु पर्छ । सदस्यहरुको आयस्तरमा बृद्धि गर्ने वा रोजगारको अवसरमा बृद्धि हुने क्षेत्र पहिलो प्राथमिकतामा पर्दछ ।
- ऋण लागानी गर्दा क्रमिक रुपमा आर्थकि स्तरको आधारमा सबै भन्दा गरिब वर्ग दलित द्वन्दपीडित तथा महिलाहरुलाई प्राथमिकता दिनुपर्छ । यसका लागि समूह निर्माण हुने वित्तिकै सबैको निर्णयमा सदस्यहरुको आर्थिक सामाजिक स्तरको वर्गीकरण गर्न सकिएमा प्राथमिकता तोक्न सजिलो हुन्छ । यसरी वर्गिकरण गरिसकेपछि व्यक्तिको मूल्यांकन गर्दा निम्न कुराहरुलाई समेत आधार मान्नु पर्छ
  - चाल चलन राम्रो भएको
  - व्यवसाय गर्न कटिबद्ध एवं समर्पित भएको
  - सृजनात्मक प्रतिभा भएको
  - बौद्दिक क्षमता भएको
  - साख पत्यार भएको
  - परिश्रमी र ईमान्दार

४.८.ऋण लगानी प्रकृयाः

समूहको आर्थिक अनुशासनको विकास एवं पारदर्शिताको लागि ऋण लगानी पद्धतिको विकास हुन आवश्यक छ ।यसका लागी प्रकृया निर्धारण गरी वचत परिचालनको नीति नियम बनाई सर्वसम्मतीबाट स्वीकृत गराउनु पर्छ ।लगानी प्रकृया देहाय बमोजिम गर्नु पर्दछः

- ऋण लिन चाहने सदस्यले ऋण माग पत्र भरि समूहमा पेश गर्ने
- पत्र प्राप्त पछि समूहमा छलफल गर्ने
- ऋण लिएपछि आवश्यक कागजातमा सहिछाप गराउने र समूहमा सुरक्षित र व्यवस्थित तवरले राख्ने
- ऋण नगदै वा बैंक मा जम्मा गरिदिने
- समूहको हिसाब किताव मिलाउने

४.९.ऋण असुलि प्रकृयाः

- कुनै पनि सदस्यले लिएको ऋण तीन महिना पश्चात मासिक किस्ता बन्दीमा उठाउने । कुनै सदस्यले ऋण लिएको महिना देखि नै ऋण भुक्तानी गर्न चाहेमा सोही अनुसार गर्ने
- दिएको ऋण अनुसार तथा समय अनुसार किस्ता तथा सामान्य व्याजको रकम निश्चित गर्ने
- भाका नाघेका ऋणीको नामावाली तयार गरी समूहमा छलफल गर्ने तथा आवश्यकता अनुसारको कारबाहीको व्यवस्था गर्ने
- अटेर गरी ऋण नतिर्ने सदस्यहरु माथि सकभर सामाजिक र समूह सदस्यहरुको दबाबाट नै असूलि गर्ने नीतिको विकास गर्ने

४.१०.वित्तिय संस्थाहरुसंग समन्वय

आयमूलक काम तथा व्यवसाय सन्चालन गर्न सदस्यहरुबाट संकलन भएको वचत संस्थाद्वारा प्रदान गरिएको बिउ पूँजी अपुग समेत हुने हुँदा पुँजी जुटाउनको लागि स्थानीय तह वा अन्य निकाय वा व्यक्तिबाट प्राप्त गर्ने प्रयास गर्ने साथै स्थानीय तहमा संचालन भएका बैंक तथा वित्तिय संस्थाहरुसंग समन्वय गर्न सकिने ।

५.अनुगमन तथा मूल्यांकन

अनुगमन तथा मूल्यांकनको लागि मूख्यत निम्न सूचकहरुको प्रयोग गर्न सकिनेछः

- अपाङ्गता भएका व्यक्ति र उनका परिवारको आम्दानीमा भएको बृद्दि
- वचत तथा विउ पूँजीको उपयोग
- ऋण लगानी नीति
- ऋणको सदुपयोगको अवस्था
- पारदर्शिता
- नियमित बैठक तथा छलफल

साथै उद्यम विकास सहयोग कार्यक्रमले दैनिक जीवन यापनमा पारेको प्रभावको मूल्यांकन गरिनेछ ।

६. भुक्तानी व्यवस्थाः स्थानिय तहको सिफारिसमा कार्य प्रगतिको आधारमा नियमानुसार कार्यक्रम संग सम्वन्धित विल भर्पाइ ,मासिक प्रतिवेदन,अन्तिम प्रतिवेदन हरु पेश गरेपछी कार्यालयले आवश्यक लागेमा अनुगमन समेत गरि रकम भुक्तानि हुनेछ ।

७. विविधःप्रचलित कानुनको अधिनमा रहि यसमा उल्लेख भएका कुराहरु यसै वमोजिम र अन्य कुराहरु सार्वजनिक खरिद ऐन,२०६३ र नियमावली २०६४ , सामाजिक विकास कार्यालयवाट संचालन हुने स्विकृत वार्षिक विकास कार्यक्रम तथा वजेट कार्यान्वयन मापदण्ड,२०७८ वमोजिम हुनेछ ।